आज मिति २०७८/०६/१० गते.................बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री किरण सिंह ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरूको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसि देहाय बमोजिमको निर्णय गरियो ।

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किरण सिंह | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी गुप्ता साव | नगर उपप्रमुख | |
| ३ | श्री सुदिप पौडेल | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री रामभजन कलवार | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री रूद्र बहादुर गैरे | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री राम दिनेश यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री धर्मात्मामणि त्रिपाठी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री शिव बहादुर वाग्ले | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री ओम प्रकाश पाण्डेय | वडा अध्यक्ष वडा नं. १२ | |
| १५ | श्री कौशिल्या गुप्ता | कार्यपालिका सदस्य | |
| १६ | श्री सबिता धिमिरे | कार्यपालिका सदस्य | |
| १७ | श्री प्रेमा देवी कोरी | कार्यपालिका सदस्य | |
| १८ | श्री उर्मिला कोरी | कार्यपालिका सदस्य | |
| १९ | श्री पुष्पा थारू | कार्यपालिका सदस्य | |
| २० | श्री इन्सान अलि धुनिया | कार्यपालिका सदस्य | |
| २१ | श्री सिताराम धोवी | कार्यपालिका सदस्य | |
| २२ | श्री रामधनी बढई | कार्यपालिका सदस्य | |
| २३ | श्री शेषकान्त पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| २४ | श्री सुरेन्द्र राज लम्साल | सामाजिक विकास सल्लाहकार | |
| २५ | श्री बलराम न्यौपाने | लेखा अधिकृत | |
| २६ | श्री राजेश कुमार शैनी | इन्जिनियर | |
| २७ | श्री शिवेन्द्र कुमार पासी | सूचना प्रविधि अधिकृत | |

बैठकका प्रस्तावहरू :

१. पुरक विनियोजन विधेयक २०७८ सम्बन्धमा ।
२. योजना संशोधन सम्बन्धमा ।
3. समसामायिक विविध ।

निर्णयहरू

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा आर्थिक वर्ष २०७८/०७९ को लागि खर्च गर्न बनेको कपिलवस्तु नगरपालिकाको विनियोजन ऐन, २०७८ मा केही योजना तथा कार्यक्रम थप गर्न बनेको पुरक विनियोजन विधेयक २०७८ लाई स्वीकृत गर्न दशौँ (विशेष) नगरसभामा पेश गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०७६/०६/०७ गतेको कार्यपालिका बैठकबाट भएको निर्णय अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७६/०४/२६, च.नं. २४ पत्र संख्या ०७६/०७७ को पत्रानुसार वडा नं .१, ४ र १० मा आधारभूत स्वास्थ्य केन्द्र तत्काल स्थापना गरि संचालन गर्ने  र वडा नं ११ को नगर स्वास्थ्य केन्द्रलाई आधारभूत स्वास्थ्य केन्द्रमा परिवर्तन गरी आधारभूत स्वास्थ्य केन्द्रको मापदण्ड अनुसार हुने गरि संचालन गर्ने निर्णय भएकोमा वडा नं. ११ मा स्वास्थ्य चौकी सन्चालनमा आइ रहेको हुँदा त्यहा आधारभूत स्वास्थ्य केन्द्र हालको आवश्यकता नदेखिएकोले वडा नं. ११ को आधारभूत स्वास्थ्य केन्द्रको योजना संशोधन गरी वडा नं. 3 को आधारभूत स्वास्थ्य केन्द्र कायम गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरबार काठमाण्डौंमा अनुरोध गर्ने निर्णय गरियो ।

3. गत वर्षमै स्वीकृत IEE  प्रतिवेदनमा भएको परिमाणको आधारमा वाणगंगा खोलाको सबै नाकाहरूबाट प्रदेशले जारी गरेको दररेटमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा बिक्री वितरणको लागि सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित
२०७८।६।१०